

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५० मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक ३० गते सोमबार ❑ 16 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

छठको मुख्य दिन पोखरामा मनाइयो छठ पर्व

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक



पर्यटकीय नगरी पोखरामा यस वर्षको छठ पर्व उल्लास र भक्तिभावका साथ मनाइदैछ । छठ पर्वको मुख्य दिन आइतबार पोखराका विभिन्न चार स्थानमा सामूहिक रूपमा छठ पूजा गरिएको छ । तर अस्ताउँदो सूर्यलाई अर्घ दिने समयमा एक्कासि वर्षा भएपछि छठ पूजा गरिरहेका व्रतालु तथा सूर्यका भक्तजनलाई भने सास्ती भएको छ ।

पोखराको नदीपुरस्थित नारायणथान मन्दिर परिसर, बैदामस्थित केदारेश्वर महादेवमणि मन्दिर परिसर (फेवाताल किनार), रिठ्ठाघाट त्रिवेणीधाम (कालीखोला) र कमलपोखरी क्षेत्रमा छठ पर्व विशेष उत्साहका साथ पहिलो दिनको छठ पूजा मनाइएको सम्बन्धित छठ पूजा समितिहरूले जनाएका छन् ।

छठको मुख्य दिन अस्ताउँदो सूर्यलाई अर्घ दिन पोखराका विभिन्न घाटमा भक्तजनको उल्लेख्य उपस्थिति थियो । व्रतालुहरूले फलफूल, ठेकुवा, प्रसाद तथा पूजाका सामग्रीसहित जलाशयमा उभिएर सूर्यदेवलाई अर्घ दिइरहेका बेला एक्कासि पानी परेको थियो । करिब १५ देखि २० मिनेटसम्म परेको वर्षाका कारण अस्थायी रूपमा निर्माण गरिएका छठघाटमा पूजा गरिरहेका भक्तजनदेखि घाटमा पुगेका दर्शनार्थी तथा दर्शकसमेत भिज्न पुगेका थिए ।

छठ पूजा व्यवस्थापन समितिले सामान्य वर्षा हुँदा पनि सहज रूपमा पूजा गर्न सकियोस् भनेर टेन्टको व्यवस्था गरेको भए पनि ठूलो पानी परेपछि भक्तजनलाई पूजा गरिरहेको स्थानबाट उठ्नुपर्ने अवस्था आएको थियो । कतिपयले पूजा गर्दागर्दै बीचमै छाडेर सुरक्षित स्थानतर्फ जानुपरेको थियो भने कतिपय वर्षामै भिज्दै पूजा सम्पन्न गर्न बाध्य भएका थिए ।

नेपाल-भारत व्यवसायी संघ (एनबी) कास्कीका पूर्वअध्यक्ष भुनेस कुमारले अर्घ दिने समयमा परेको वर्षाले भक्तजनलाई असहज बनाएको बताउनुभयो । सामान्य पानी पर्दा पनि पूजा गर्न सकिने गरी टेन्टको व्यवस्था गरिएको भए पनि एक्कासि ठूलो पानी परेपछि भक्तजनलाई समस्या भएको उहाँले बताउनुभयो ।

यसैगरी, एनबी व्यवसायी संघ कास्कीका अध्यक्ष विश्राम कुशवाहाका अनुसार बैदामस्थित केदारेश्वर महादेवमणि मन्दिर परिसरमा वि.सं. २०६८ सालदेखि छठ पूजा गर्न थालिएको हो । सुरुमा सीमित सहभागिताबाट सुरु भएको पूजा अहिले विस्तार हुँदै गएको र हाल उक्त क्षेत्रमा करिब चार सय जनाले छठ पूजा गर्ने गरेको उहाँले जानकारी दिनुभयो । कुशवाहाका अनुसार काम विशेष तथा पेसा व्यवसायका सिलसिलामा तराई-मधेसबाट पोखरा आएर बसोबास गर्ने समुदायले आफ्नो मौलिक धार्मिक तथा सांस्कृतिक पर्व छठलाई पोखरामै व्यवस्थित रूपमा मनाउन थालेपछि यसको आकर्षण र सहभागिता बढ्दै गएको छ । पोखरामै सहज रूपमा छठ पूजा गर्न पाउँदा व्रतालु तथा भक्तजनलाई सुविधा पुगेको उहाँको भनाइ छ ।

त्यसैगरी, पोखरा नदीपुर स्थित नारायणथान मन्दिर परिसरमा रहेको छठघाटमा पनि भक्तजनले पूजा आराधना गरेका छन् । नारायणथान मन्दिर नीलकण्ठ महादेव छठ पूजा समितिका अध्यक्ष विनोद गुप्ताका अनुसार आज अस्ताउँदो सूर्यलाई अर्घ्य दिइएको छ भने भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्व विधिवत् रूपमा सम्पन्न हुनेछ । गुप्ताका अनुसार पोखरामा करिब दुई दशकभन्दा अघिदेखि नारायणथान मन्दिरनजिकैको नहरबाट छठ पूजा गर्न सुरु गरिएको हो । सुरुवाती समयमा सीमित स्थानबाट सुरु भएको पूजा अहिले विस्तार हुँदै पोखराका चार प्रमुख घाटसम्म पुगेको उहाँले बताउनुभयो ।

त्यस्तै, पोखराको रिठ्ठाघाट त्रिवेणीधाम (कालीखोला) र कमलपोखरी क्षेत्रमा पनि व्रतालु तथा भक्तजनले विशेष तयारीका साथ छठ पूजा गरेका छन् । पर्वलाई व्यवस्थित बनाउन विभिन्न घाटमा सरसफाइ, सजावट तथा आवश्यक व्यवस्थापन गरिएको थियो । छठघाटलाई झिलिमिली बत्ती, फूल तथा पूजाका सामग्रीले दुलहीझैं सिँगारिएको थियो ।

चार दिनसम्म श्रद्धा, भक्ति र निष्ठापूर्वक मनाइने छठ पर्व सूर्यदेव र छठी माताको उपासनासँग सम्बन्धित महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व हो । पारिवारिक सुख, शान्ति, समृद्धि, सन्तानको दीर्घायु तथा कल्याणको कामना गर्दै व्रतालुहरूले कठोर व्रत बसी अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिने परम्परा रहेको छ । पोखरामा छठ पर्व व्यवस्थित रूपमा मनाउन थालिएसँगै यहाँ बसोबास गर्ने तराई-मधेस मूलका समुदायको सहभागिता हरेक वर्ष बढ्दै गएको स्थानीयहरू बताउँछन् । पोखरामा छठ पर्वको बढ्दो आकर्षणले पहाडी मुलका व्यक्तिहरुले समेत छठ पर्व मनाउन थाल्नु भएको छ ।

कांग्रेस रहेसम्म लोकतन्त्र खोस्न सकिँदैन : महामन्त्री पौडेल

पोखरापत्र संवाददाता
स्याङ्जा, २९ कार्तिक



नेपाली काङ्ग्रेसका महामन्त्री प्रदीप पौडेलले तर्साएर शासन गर्ने प्रयास नगर्न सरकारलाई चेतावनी दिनुभएको छ । उहाँले नेपाली काङ्ग्रेस रहेसम्म देशमा लोकतन्त्र र प्रेस स्वतन्त्रता कसैले खोस्न नसक्ने बताउनुभएको छ ।

नेपाली काङ्ग्रेस स्याङ्जा क्षेत्र नम्बर २ (क) को प्रदेश कार्यसमितिको पद हस्तान्तरण तथा प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै महामन्त्री पौडेलले लोकतन्त्रको वकालत गर्ने काङ्ग्रेस पार्टीको आवाज दबाउने प्रयास भइरहेको बताउनुभयो । निर्वाचन जित्दैमा कानुन मिच्ने लाइसेन्स प्राप्त नहुने उल्लेख गर्दै उहाँले लोकतान्त्रिक मूल्य, मान्यता र विधिको शासनको सम्मान गर्नुपर्नेमा जोड दिनुभयो ।

काङ्ग्रेसलाई कमजोर बनाएर देशमा लोकतन्त्र नै कमजोर बनाउने खेल भइरहेको भन्दै उहाँले मुद्दा हाल्दैमा दुई जना सभापति नहुने स्पष्ट पार्नुभयो । सरकारविरुद्ध अदालतमा मुद्दा पर्दैमा अर्को सरकार नबन्ने उदाहरण दिँदै उहाँले राजनीतिक विषयलाई कानुनी प्रक्रियासँग जोडेर भ्रम सिर्जना गर्न नहुने धारणा राख्नुभयो ।

वर्तमान सरकारले नागरिकको जनस्तरसम्म पुगेर काम गर्न नसकेको आरोप लगाउँदै महामन्त्री पौडेलले संविधान संशोधन, भोटेकोसी बाढी प्रभावितको समस्या तथा सुकुम्बासी समस्या समाधानमा सरकारको अपरिपक्वता देखिएको बताउनुभयो। सरकार नागरिकको विश्वास गुमाउँदै गएको उहाँको भनाइ थियो । काङ्ग्रेसले निर्वाचन हारे पनि विचारको जित भएको उल्लेख गर्दै पौडेलले नेपाली काङ्ग्रेस राजनीतिको विश्व विद्यालय भएको बताउनुभयो। उहाँले आगामी मंसिर १ गतेदेखि स्थानीय तहको निर्वाचनलाई केन्द्रित गर्दै 'हामी तयार छौं' भन्ने अभियान सञ्चालन गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाली काङ्ग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले सबै राजनीतिक दल एउटै हुन् भन्ने भाष्य निर्माण भइरहेको अवस्थामा नेपाली काङ्ग्रेस अन्य दलभन्दा फरक रहेको कुरा जनतालाई बुझाउन आवश्यक रहेको बताउनुभयो। काङ्ग्रेसले आफ्नो इतिहास, विचार र योगदान जनतामाझ स्पष्ट पार्न सके पार्टी पुनः पुरानै गौरवशाली इतिहासमा फर्किने उहाँको भनाइ थियो । शर्माले सत्यको मृत्यु हुँदा अराजकताले शासन गर्ने अवस्था आउने उल्लेख गर्दै अहिले देशमा त्यस्तै परिस्थिति देखिएको बताउनुभयो। उहाँले सत्य बोल्न नछोड्न पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्यहरू सुवास शर्मा, अनुप श्रेष्ठ, खुमा अर्याल, युवराज पाण्डे, कल्पना तिवारी र सरस्वती अर्याललगायतले नवनिर्वाचित प्रदेश कार्यसमितिलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो । यसैगरी नेपाली काङ्ग्रेस वालिङ नगरसभापति पदम गुरुङले स्वागत मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा प्रदेश सभापतिका निकटतम प्रतिस्पर्धी छवि आले तथा निवर्तमान प्रदेश सभापति अर्जुन खनालले पनि आफ्नो धारणा राख्नुभएको थियो। नेपाली काङ्ग्रेस स्याङ्जा क्षेत्र नम्बर २ (क) का प्रदेश सभापति लक्ष्मण अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव राजु तिवारीले गर्नुभएको थियो । कार्यक्रममा नवनिर्वाचित प्रदेश कार्यसमितिलाई पद हस्तान्तरणसँगै संगठन सुदृढीकरण र पार्टीको आगामी राजनीतिक रणनीतिका विषयमा प्रशिक्षणसमेत दिइएको थियो ।

एक महिनामा ४१ हजार बढी पर्यटकद्वारा अन्नपूर्ण क्षेत्रको भ्रमण

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक



गत अक्टुबरमा ४१ हजार ७५८ जना विदेशी पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका छन् । जुन गत वर्षको सोही महिनाको तुलनामा चार हजार ६८२ ले बढी हो ।

गत वर्षको अक्टुबरमा ३७ हजार ७६ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए । मुख्य पर्यटकीय याम भएकाले अक्टुबरमा बढी पर्यटक आउने गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो ।

एक महिनाको अवधिमा भित्रिएका कुल ४१ हजार ७५८ पर्यटकमध्ये दक्षिण एसियाली मुलुकका १९ हजार २०७ र बाँकी अन्य देशका पर्यटक रहेका छन् । सन् २०२६ सुरु भएयता सबैभन्दा बढी गत जुनमा एक लाख आठ हजार ७०३ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका प्रमुख डा कडरियाले जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त याममा सबैभन्दा बढी भारतीय पर्यटक आएका छन् । दश महिनाको अवधिमा सबैभन्दा कम जनवरीमा २० हजार ६३ पर्यटक भित्रिएका उहाँको भनाइ छ । "अक्टुबर-नोभेम्बर मुख्य पर्यटकीय याम भएकाले यतिबेला पर्यटकको संख्या बढ्ने गर्छ", उहाँले भन्नुभयो । आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा भ्रमण गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। सडक मार्ग भएर बर्सेनि ठूलो संख्यामा आन्तरिक पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रने गरेका छन् । अन्नपूर्ण क्षेत्र पदयात्रा रूचाउने पर्यटककोसमेत रोजाइमा पर्दै आएको छ। संरक्षण क्षेत्रमा पर्ने अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ् ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोडेपानीलगायत गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् ।

सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको हो । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा तय गर्न सकिन्छ। अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन् ।


बेमौसमी वर्षाले पोखरामा काटेको धान खेतमै भिज्यो

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक

धान भित्र्याउने तयारीमा रहेका पोखराका किसानलाई आज साँझ परेको बेमौसमी वर्षाले समस्यामा पारेको छ । खेतमा काटेर सुकाउन राखिएको धान वर्षाका कारण जलमग्न भएपछि किसान चिन्तित बनेका छन् ।

पोखरामा आइतबार साँझ परेको ठूलो वर्षाले काटेर खेतमै राखिएको धान भिजाएको हो । घाम लागिरहेका बेला एक्कासी वर्षा भएपछि धान भिजेर नोक्सान हुने चिन्तामा किसान छन् । पोखरा-१३ आर्वाका श्रीराम सिग्देलले कसेरी र सनुपदेली फाँटमा हिजो र आज काटेर राखेको धान पूरै पानीमा डुबेको बताउनुभयो । उहाँका अनुसार उक्त क्षेत्रका करिब ७५ प्रतिशत किसानले हिजो र आज धान काटेका थिए । "घाम लागिरहेकाले पानी पर्ला भन्ने ख्याल गर्न सकिएन । अहिले २०-२२ मुरी फल्ने धान सबै काटेर राखेका थियौं", उहाँले भन्नुभयो । कसेरी, सनुपदेली, ढाव र ठूम्रीबोटलगायत क्षेत्रका किसानले काटेर खेतमा राखेको धान वर्षाले भिजाएको छ ।

बाँकी अन्तिम पृष्ठमा ▶▶



फुटबल एकेडेमी चलाउन सहाराको देउसीभैलो

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक

सहारा क्लब पोखराले यस वर्ष तिहारका अवसरमा खेलेको देउसीभैलोबाट रु ११ लाख ६८ हजार ६१३ जम्मा गरेको छ।

विपन्न तथा कठिन परि स्थितिमा रहेका बालकहरूलाई आवासीय सुविधासहित फुटबल प्रशिक्षण प्रदान गर्ने उद्देश्यले क्लबले पोखरा-१७ दोबिल्लामा दुई दशकअघिदेखि 'सूर्यबहादुर केसी स्मृति' सहारा आवासीय फुटबल एकेडेमी सञ्चालन गर्दै आएको छ।

पछिल्लो समय एकेडेमी सञ्चालनका लागि आर्थिक अभाव भएपछि क्लबले देउसीभैलो खेलेर रकम जुटाएको हो । फुटबल एकेडेमीको सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुर्‍याउन क्लबले गत कात्तिक २२ देखि २६ गतेसम्म पाँच दिन देउसीभैलो कार्यक्रम आयोजना गरेको क्लबका अध्यक्ष केशववहादुर थापाले बताउनुभयो । उहाँका अनुसार नेपाली मौलिक कला, संस्कृति र परम्परालाई आत्मसात्



गर्दै आयोजना गरिएको कार्यक्रममा विभिन्न व्यक्ति तथा संस्थाले आर्थिक सहयोग गरेका थिए । सहाराले बर्सेनि पोखरामा आहा रारा गोल्डकप फुटबल प्रतियोगिता गरेर सोबाट बचत भएको रकमले एकेडेमीमा खर्च गर्दै आएको थियो । गत वर्ष सम्पन्न २५औं संकरणको फुटबल प्रतियोगितामा बचत रकम न्यून भएपछि क्लबले एकेडेमी चलाउने आर्थिक स्रोतको खोजीका क्रममा देउसी खेलेको हो । "हामीले फुटबल खेल विकासका लागि दुई दशकदेखि फुटबल एकेडेमी चलाएर देशका लागि आवश्यक सक्षम फुटबल खेलाडी उत्पादन गर्दै आएका छौं । पछिल्लो समय एकेडेमी चलाउन आर्थिक रूपमा समस्या पर्दै गएपछि आम्दानीका अन्य स्रोतको खोजी गरिरहेका छौं", अध्यक्ष थापाले भन्नुभयो । क्लबका सहकोषाध्यक्ष विष्णु गुरुङको संयोजकत्वमा सञ्चालित कार्यक्रममा कलाकारहरूले पोखरा बजार क्षेत्रका विभिन्न स्थानमा मौलिक देउसीभैलो प्रस्तुत गरेका थिए । क्लबले देउसीभैलोबाट सङ्कलित रकम एकेडेमीमा आश्रित बालकहरूको आवास, भोजन, शिक्षा, स्वास्थ्य, फुटबल प्रशिक्षण तथा दैनिक व्यवस्थापनमा खर्च गर्ने जनाएको छ । क्लबका वरिष्ठ उपाध्यक्ष पूर्णबहादुर गुरुङका अनुसार सहारा एकेडेमीमा हाल विभिन्न जिल्लाका ३० बालक आश्रित छन् । विपन्न तथा कठिन परि स्थितिमा रहेका बालकहरूलाई निःशुल्क आवासीय सुविधासहित फुटबल प्रशिक्षण प्रदान गर्दै उनीहरूको भविष्य निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले क्लबले एकेडेमी सञ्चालन गर्दै आएको छ। क्लबले देउसीभैलो कार्यक्रम सफल बनाउन समय, श्रम, कला, संस्कृति र सिर्जनामार्फत योगदान गर्ने कलाकार, सहयोगदाता तथा शुभेच्छुक सबैप्रति आभार व्यक्त गरेको छ । अध्यक्ष थापाले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि एकेडेमीको मानवीय तथा सामाजिक अभियानमा निरन्तर साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्लबस्तरीय आमन्त्रित फुटबल प्रतियोगिताका माध्यमबाट फुटबल विकास गर्दै आएको सहाराले फुटबल एकेडेमीमार्फत प्रतिभावान् बालकहरूको क्षमता विकास गर्नुका साथै उनीहरूलाई शिक्षा र आवासको अवसर प्रदान गर्दै आएको छ।



छठी मातालाई अर्घ्य दिँदै श्रद्धालु भक्तजन :
छठ पर्वका अवसरमा कास्कीको पोखरास्थित फेवाताल किनारमा आइतबार छठी मातालाई अर्घ्य दिँदै श्रद्धालु भक्तजन । तस्बिरः पोखरापत्र

प्रकृति र मानव जीवनबीचको सम्बन्ध स्थापित गर्ने पर्व छठः प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सूर्य देवता र छठी माताको पूजा आराधाना गरी मनाइने पर्व छठ प्रकृति र मानव जीवनबीचको सम्बन्ध स्थापित गर्ने पर्व रहेको बताउनुभएको छ।

छठ पर्वको अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्नुहुँदै प्रदेश प्रमुख भट्टले मानव जीवनका लागि अनिवार्य जल, जमिन र सूर्यसँग जोडिएको छठ पर्वले प्रकृतिप्रतिको सम्मान पनि दर्शाउने उल्लेख गर्नुभएको छ । प्रकृतिसँगको प्रगाढ प्रेम र आस्थाको प्रतीक छठ पर्व रहेको उहाँको भनाई छ।

शुभकामना सन्देशमा उल्लेख छ- 'शुद्धाशुद्धिमा विशेष ध्यान यो पर्वको अर्को विशेषता हो, जसले स्वास्थ्यलाई फाइदा पुऱ्याउन सघाइरहेको हुन्छ।

धार्मिक तथा साँस्कृतिक विविधताले सम्पन्न हाम्रो मुलुकमा मनाइने यस्ता चाडपर्वले राष्ट्रिय एकता र सामाजिक सम्मिलनमा समेत महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।' खासगरी तराई तथा मधेश क्षेत्रमा मनाइने छठ पर्व पछिल्लो समय काठमाडौं, पोखरालगायत पहाडी तथा हिमाली जिल्लाहरूमा समेत श्रद्धा एवम् भक्तिपूर्वक मनाउने चलन बढ्दै गएको उल्लेख गर्दै उहाँले यसबाट धर्म संस्कृति, रीतिरिवाज तथा चाडपर्वले हामीबीच आपसी सद्भाव र एकतालाई अभिवृद्धि गर्दै लगेको प्रष्ट हुने बताउनुभएको छ।

प्रकृतिको पूजा गरिने छठ पर्वले हामी सबै नेपालीमा राष्ट्रिय एकता, अखण्डता, मेलमिलाप र सहमति कायम गर्दै नेपाललाई शान्ति र अमनचयन कायम गर्ने दिशामा प्रेरणा मिलोस् भन्ने शुभकामना पनि उहाँले व्यक्त गर्नुभएको छ।

दसौं राष्ट्रिय खेलकुद केन्द्रीत छनोट प्रतियोगिता गण्डकीमा अन्तिम चरणमा

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक

कर्णाली प्रदेशमा आयोजना हुने दसौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै गण्डकी प्रदेशमा खेलाडी छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

प्रतियोगितामा प्रदेशको तर्फबाट खेलाडीसहित ७ सय ७९ सदस्यीय टोली सहभागी गराउने तयारीसहित प्रदेश खेलकुद परिषद् गण्डकीले छनोट, प्रशिक्षण र व्यवस्थापनका कामलाई तीव्रता दिएको छ । परिषद्का अनुसार गण्डकीबाट ६ सय ५६ जना खेलाडीले राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने प्रारम्भिक योजना छ। राष्ट्रिय खेलकुदमा समावेश ३२ खेलमध्ये कुस्तीबाहेक ३१ खेलमा गण्डकीको सहभागिता रहनेछ । प्रदेश खेलकुद परिषद्का अधिकृत कर्मचारी तोपलाल भुषालका अनुसार स्थानीय तहदेखि जिल्ला



हुँदै प्रदेशस्तरसम्म खेलाडी छनोटका कार्यक्रम सञ्चालन गरिएको छ । स्थानीय तहमा आयोजना भएका छनोट प्रतियोगिताबाट छानिएका खेलाडी जिल्लास्तरीय प्रतिस्पर्धामा सहभागी भएका थिए। जिल्लाबाट छनोट भएका खेलाडीलाईप्रदेशस्तरीयप्रतिस्पर्धाका लागि अघि बढाइएको छ । चाडपर्वलगायतका कारण केही स्थानमा छनोट प्रक्रिया प्रभावित भए पनि कात्तिक महिनाभित्र सबै खेलको छनोट प्रक्रिया टुंग्याउने लक्ष्य राखिएको भुषालले बताउनुभयो। उहाँका अनुसार छनोट भएका खेलाडीलाई राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न सक्ने गरी प्रशिक्षणमा केन्द्रित गरिनेछ।

प्रतियोगिताको तयारीस्वरूप केही खेलका खेलाडीको प्रदेशस्तरीय बन्द प्रशिक्षण कात्तिक २७ गतेदेखि सुरु भइसकेको छ। छनोट भएका खेलाडीलाई कम्तीमा १२ दिन बन्द प्रशिक्षणमा राखेर प्रतिस्पर्धाका लागि तयार पार्ने योजना रहेको भुषालले जानकारी दिनुभयो। प्रशिक्षणमा खेलाडीको शारीरिक क्षमता, प्राविधिक दक्षता र खेल रणनीतिमा विशेष ध्यान दिइने परिषद्ले जनाएको छ।

खेलाडी छनोट तथा प्रतियोगिताको तयारीलाई व्यवस्थित बनाउन परिषद्ले गण्डकी प्रदेशका ११ वटै जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गरेको थियो। छनोट प्रक्रिया निर्धारित मापदण्डअनुसार निष्पक्ष, पारदर्शी र व्यवस्थित बनाउनसमेत निर्देशन दिइएको परिषद्ले जनाएको छ।

यसैबीच, दसौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशको सहभागिता व्यवस्थापनका लागि प्रदेश खेलकुद परिषद्ले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयसँग ९ करोड रुपैयाँ बजेट माग गरेको छ । खेलाडी छनोट, बन्द प्रशिक्षण, खेल सामग्री खरिद, व्यवस्थापन तथा प्रतियोगितास्थलसम्म टोली परिचालनलगायतका कामका लागि उक्त बजेट आवश्यक पर्ने परिषद्को भनाइ छ । परिषद्का लेखा अधिकृत नीलकण्ठ ढकालका अनुसार प्रतियोगिताको तयारीका लागि आवश्यक खर्चको विवरणसहित मन्त्रालयमा बजेट प्रस्ताव पेस गरिएको छ । राष्ट्रिय प्रतियोगितामा प्रदेशको सहभागिता प्रभावकारी बनाउन आवश्यक स्रोत व्यवस्थापन गर्न प्रस्ताव गरिएको उहाँले बताउनुभयो ।

यता, राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले पनि दसौं राष्ट्रिय खेलकुदको तयारीका लागि गण्डकी प्रदेशलाई ४९ लाख रुपैयाँ उपलब्ध गराउने भएको छ । उक्त रकममध्ये करिब ३५ लाख रुपैयाँ पेस्कीस्वरूप प्राप्त भइसकेको प्रदेश खेलकुद परिषद्ले जनाएको छ। यसअघि पोखरामा २०७९ असोज २८ देखि कात्तिक ३ गतेसम्म सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशले ३२ स्वर्ण पदक जितेको थियो । नवौं राष्ट्रिय खेलकुदमा प्राप्त उपलब्धिलाई निरन्तरता दिँदै आगामी प्रतियोगितामा थप राम्रो नतिजा हासिल गर्ने लक्ष्यसहित गण्डकीले तयारी अघि बढाएको छ । कर्णाली प्रदेशमा आयोजना हुने दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताका विभिन्न खेल मङ्सिर ८ देखि २७ गतेसम्म सञ्चालन हुने उल्लेख छ । प्रतियोगिता नजिकिँदै गर्दा गण्डकीमा खेलाडी छनोटलाई पूर्णता दिने, बन्द प्रशिक्षण सञ्चालन गर्ने र आवश्यक बजेट तथा खेल सामग्री व्यवस्थापन गर्ने कामलाई प्राथमिकतामा राखिएको छ।

बेमौसमी वर्षाले ...

पोखरा महानगरपालिकाको कृषि तथा आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले बेमौसमी वर्षाका कारण विभिन्न स्थानमा काटेर राखिएको धान भिजेको जानकारीमा आएको बताउनुभयो। अगौटे धान अधिकांश किसानले थन्काइसके पनि जेठोबुढो धान भित्र्याउने समयमा वर्षा हुँदा समस्या भएको उहाँले बताउनुभयो। "यतिबेला अधिकांश किसान जेठोबुढो धान थन्काउने तयारीमा थिए । यही समयमा पानी परेपछि धान खेतमै भिजेको छ । भोलिदेखि घाम लाग्यो भने त्यति धेरै क्षति नहुन सक्छ । तर, धान लामो समय भिजिरहे हकुवा हुने सम्भावना बढी हुन्छ", कडरियाले भन्नुभयो । मौसम पूर्वानुमान महाशाखाका अनुसार पछिल्लो तीन घण्टामा कास्कीको पोखरा विमानस्थलस्थित मौसम मापन केन्द्रमा सबैभन्दा बढी २५ दशमलव चार मिलिमिटर वर्षा मापन भएको छ । महाशाखाले गण्डकी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा अझै हल्का वर्षा भइरहेको जनाएको छ।



सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

सम्पादकीय

रास्वपाका मन्त्री र सांसदहरुको विदेश मोह

राष्ट्रिय स्वतन्त्र पार्टीले चुनाव अघि गरेको वाचा सत्तारूढ भएपछि ठिक उल्टो भएको छ। सरकार संचालन गर्दा गरिएका वाचा अहिले जनता झुक्याउने अस्त्र बनेका छन । बालेन्द्र शाह नेतृत्वको सरकारका अधिकांश मन्त्री विदेश भ्रमणमा छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय समितिका पदाधिकारी र सांसदहरू विदेश भ्रमणमा छन । सत्तारूढ केही सांसदहरू त विदेश भ्रमणमा रेकर्ड तोड्ने होडमा छन । मन्त्रीहरूलाई पनि विदेश भ्रमण भ्याइनभ्याई छ। संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१) मा भाग लिन भन्दै बालेन क्याबिनेटका पाँच जना मन्त्री टर्की पुगेका छन्। परराष्ट्रमन्त्री शिशिर खनाल, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेदेखि वन तथा वातावरणमन्त्री र कृषिमन्त्री गीता चौधरी, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहेता र शिक्षामन्त्री सस्मित पोखरेल कोप-३१ सम्मेलनमा भाग लिन टर्कीको अन्ताल्या पुगेका छन् ।

त्यसैगरी सांसदहरू पनि टर्कीको अन्ताल्या पुगेका छन।मन्त्रीका टोली टोली पुगेका छन।त्यहाँ नगए मन्त्री भएको कसैले मान्यता दिदैन भै गरेर विदेश भ्रमण गर्नु आफ्नै वाचा विपरीत हो।जनतालाई झुक्याउने काम मात्र हो। मुद्दाको सान्दर्भिकता र गहनताका हिसाबले कोप सम्मेलन नेपालका लागि निकै महत्वपूर्ण रहे पनि मन्त्रीहरूको लर्को लाग्नुपर्ने कारण सरकारले पुष्टि गर्न सकेको छैन। परराष्ट्रदेखि शिक्षामन्त्रीसम्म ५-६ जना मन्त्री एउटै सम्मेलनमा भाग लिन किन जानुपरेको हो ? यसको औचित्य नेपाली जनतालाई सरकारले बताइदिनुपर्छ ।' कोप-३१ सम्मेलन नेपालका लागि निकै महत्त्वपूर्ण भए पनि यसरी सरकारी खर्चमा मन्त्रीहरूको विदेश भ्रमण हुनु स्वाभाविक मान्न सकिदैन । सम्मेलनमा भाग लिन झण्डै डेढ दर्जन सांसददेखि मन्त्रीका स्वकीय, सचिवालयका सदस्यहरूदेखि आफन्तहरूको समेत ठूलै ताँती लागेको छ। यसले राज्यमाथिको आर्थिक भार मात्र होइन, निजी खर्चमै जाँदा पनि ठूलो रकम बाहिरिने स्थिति बनेको छ।

यसको सत्तारूढ दलका केही सांसदले सामाजिक संजालबाट विरोध जनाएका छन । अघिल्ला सरकारले गरेको गल्ती नदोहोऱ्याउने वाचा विपरीत विदेश भ्रमण गर्नेलाई छि छि भनेर आपत्ति जनाइएको छारास्वपाको सरकार गठन लगत्तै गरेको वाचा सुशासनसँगै प्रशासनिक खर्च पनि घटाउने सरकारको महत्वपूर्ण निर्णय थियो । सरकार गठनलगत्तै खर्चमा मितव्ययिता कायम गर्ने घोषणा गरेको बालेन सरकारले २१ वटा मन्त्रालयको संख्यालाई घटाएर १६ वटामा झारेको छ । अन्य अनावश्यक खर्च, भ्रमण तथा अतिरिक्त खर्चहरूसमेत कटौति गरेको सरकारले २० अर्ब खर्च घटाउने बताएको थियो। सरकारले मन्त्रालय घटाएर २० अर्ब खर्च घटायौँ त भन्यो तर त्यो पैसा कहाँ बचत भयो, पत्तो छैन। सयौँ सल्लाहकार र विज्ञ भनेर खर्च उस्तै गरिएको छ। केमा परिवर्तन भयो र ?' यी सबै जनता झुक्याउने काम हो। पछिल्लोपटक सरकारका मान्छेहरू लगातार विदेश भ्रमणमा हिँडेको हिँड्यै गरेर थप खर्च बढाएका छन् । नयाँबाट सुशासन र मितव्ययीताको अपेक्षा गर्ने जनतामाथिको धोका हो ।

तपाईको आज

मेष	: शुभ यात्रा	तुला	: अप्रत्यसित लाभ
वृष	: आर्थिक समस्या	वृश्चिक	: शारीरिक झमेला
मिथुन	: कार्यमा सफलता	धनु	: सत्कार मिल्नेछ
ककर्ट	: झमेला बढ्ने	मकर	: मानसिक तनाब
सिंह	: शत्रुको भय	कुम्भ	: सहयोग मिल्नेछ
कन्या	: ब्यापारमा लाभ	मीन	: स्वास्थ्यमा सुधार

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

सौराहामा हात्ती सफारी गर्नेको संख्या बढ्यो

रासस
चितवन, २९ कार्तिक

सौराहामा हात्ती सफारी गर्ने पर्यटकको संख्या पछिल्लो समय बढिरहेको छ । एउटा हात्तीले दैनिक चार पटकसम्म पर्यटकलाई वन क्षेत्रमा घुमाउने गरेको छ । कोभिडपछि हात्ती चढ्न आउने पर्यटकको संख्या यस वर्ष बढी भएको पर्यटन व्यवसायीले जनाएका छन् ।

सौराहा आएका पर्यटक हात्ती चढेर बाघमारा, चित्रसेन र कुमरोज मध्यवर्ती सामुदायिक वन घुम्ने गर्दछन् । हात्तीबाट पर्यटकले दुर्लभ एक सिङ्गेगैंडा, पाटेबाघ जस्ता वन्यजन्तु हेरेर रमाउने गर्दछन्। युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाका अनुसार यस वर्ष एउटा हात्तीले दैनिक सरदर दुई पटक निकुञ्ज घुमाएको बताउनुभयो । उहाँले भन्नुभयो, "कोभिडपछि सबैभन्दा बढी हात्ती चढ्न आएका पर्यटकको संख्या यसै वर्ष हो ।" चाडपर्वमा हुने बिदामा एकै दिन एउटा हात्तीले चार पटक पर्यटक घुमाउँदा पनि यहाँ आएका सबैले घुम्न नपाएका खतिवडाले बताउनुभयो । पालो कुरेर पर्यटकले सफारी गरिरहेका उहाँको भनाइ छ। उहाँका अनुसार सहकारीअन्तर्गत २७ वटा हात्ती छन् । पछिल्लो समय हात्तीको संख्या घटेको बताउँदै सञ्चालन खतिवडाले सफारी गर्ने पर्यटक भने बढ्दै गएका जानकारी दिनुभयो । गत आर्थिक वर्षमा सरदर पर्यटक हात्ती चढेको संख्या एक दशमलव पाँच पटक भएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "समग्रमा सौराहा आउने पर्यटक बढेकाले हात्ती सफारी गर्नेको संख्या पनि बढेको हो।"

क्षेत्रीय होटल सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष गुणराज थपलियाले करिब एक सातायता सौराहा विदेशी र आन्तरिक पर्यटकले भरिएको बताउनुभयो । उहाँका अनुसार तिहारको लामो बिदा भएकाले आन्तरिक पर्यटकको संख्या पनि बढेको हो। उहाँले भन्नुभयो, "एक सातायता कोठा खोज्नेहरू सबैलाई पुर्याउन सकिएको छैन ।" सौराहाका अधिकांश होटल भरिएका उहाँले जानकारी दिनुभयो । चाडपर्वको बिदामा विदेशबाट नेपाल आएकाहरूपरिवारसहितपर्यटकीय गन्तव्यमा धेरै घुम्न जाने भएकाले आगन्तुकको संख्या बढेको संघका वरिष्ठ उपाध्यक्ष थपलियाले बताउनुभयो । "योसँगै नेपालमा रहेकाहरू पनि पारिवारिक घुमफिर गर्न रुचाउँछन् । यतिबेला यहाँको वातावरण रमाइलो भएकाले पर्यटक घुम्न आउन रुचाउँछन् ।

सफारी पर्यटकका लागि नेपालको महत्त्वपूर्ण गन्तव्यका रूपमा चितवन राष्ट्रिय निकुञ्ज र आसपासका मध्यवर्ती सामुदायिक वनलाई लिने गरिन्छ", उहाँले भन्नुभयो ।

रास्वपाको २० सदस्यीय प्रमण्डल चीन प्रस्थान

रासस
काठमाडौं, २९ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का महामन्त्री विपिनकुमार आचार्यको नेतृत्वमा २० सदस्यीय प्रतिनिधिमण्डल चीनको १० दिवसीय भ्रमणमा आइतबार त्यसतर्फ प्रस्थान गरेको छ।

चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) को निमन्त्रणामा भ्रमणमा रहेको टोलीले चीनमा रहँदा सुशासन, आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धिलगायत विषयमा छलफल गर्नेछ । दुवै पार्टीले यस भ्रमणलाई नेपाल र चीनबीचको आपसी समझदारी, राजनीतिक संवाद तथा विकास सहकार्यलाई अझ सुदृढ बनाउने अवसरका रूपमा लिएको रास्वपाका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो ।

भ्रमण दलमा रास्वपाका सांसदहरू गणेश पराजुली, हरि ढकाल, कविन्द्र बुर्लाकोटी, लिमा अधिकारी आचार्य, समीक्षा बास्कोटा, सागर ढकाल, सुशान्त वैदिक, रीमा विश्वकर्मा, रमेशकुमार सापकोटा, डा धनञ्जय रेग्मी, गजला शमिम मिकरानी, श्रीराम न्यौपाने, डा राम लामा, पुनमकुमारी अग्रवाल, डा आनन्दबहादुर चन्द, डा सुजाता तामाङ, पुष्पाकुमारी चौधरी, अरविन्द शाह र रत्ना थापा सहभागी हुनुहुन्छ ।

सुशासन र समृद्धि प्राप्तिमा छठी माता र सूर्य भगवान्को कृपा बनिरहनेछः राष्ट्रपति पौडेल

रासस
काठमाडौं, २९ कार्तिक

राष्ट्रपति रामचन्द्र पौडेलले छठ पर्वले समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिकलगायत सबै प्रकारका विभेद, कुरीति र विसङ्गतिको अन्त्य गरी सम्पूर्ण नेपालीमा राष्ट्रिय एकता अभिवृद्धि गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

छठ पर्व २०८३ का अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै राष्ट्रपति पौडेलले मौलिक संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्न र आपसी सद्भाव सुदृढ पार्न यस पर्वले प्रेरणा प्रदान गर्ने बताउनुभएको छ । उहाँले दीर्घायु, स्वच्छता, सात्विक भोजन, संयमता, सद्भाव र समृद्धिको कामना गरी मनाउने छठ पर्वले सूर्य देवको आराधना गरी सामाजिक तथा प्राकृतिक सन्तुलनको सन्देश प्रवाह गर्दै आएको बताउनुभएको छ।

राष्ट्रपति पौडेलले छठको व्रत विधिपूर्वक सम्पन्न गर्नाले मनोवाञ्छित फल पाइने, परिवारको कल्याण हुने तथा आफ्ना सम्पूर्ण दुःख र कष्ट हटेर शुभ हुँदै जाने जनविश्वास रहेको उल्लेख गर्नुभएको छ।

"सूर्यबिना पृथ्वीमा जीवन सम्भव नरहने सन्दर्भलाई आत्मसात् गर्दै तन, मन लगाएर कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीका दिनसम्म जल प्रवाह हुने स्थानमा रहेर अघिल्लो दिन अस्ताउँदो र भोलिपल्ट उदाउँदो सूर्यको किरणलाई दूधको अर्घ्य दिएर पूजा आराधना गरी यो पर्व मनाउनाले मानिसलाई प्रकृतिप्रतिको सम्मान तथा पर्यावरणीय चेतना एवं पारिवारिक र सामाजिक ऐक्यवद्धता प्रकट गर्न सहयोग पुग्ने देखिन्छ", राष्ट्रपति पौडेलद्वारा जारी शुभकामना सन्देशमा भनिएको छ । राष्ट्रपति पौडेलले सूर्य, जल र पृथ्वीप्रति श्रद्धा गर्दै छठी माताको पूजा, अर्चना तथा व्रत गरी रातभर नदी, खोला, पोखरी तथा तालतलैयाको किनारमा जाग्राम बसी धुमधाम एवं हर्षोल्लासका साथ यो पर्व मनाउने चलन रहेको उल्लेख गर्नुभएको छ।

दमौलीमा छठ पर्व मनाइयो

पोखरापत्र संवाददाता
तनहुँ, २९ कार्तिक



तनहुँको सदरमुकाम दमौलीमा आइतबार अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व मनाइएको छ । व्यास नगरपालिका-३ स्थित मादी नदी किनारमा पूजाआजा गरी अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व मनाइएको हो ।

दमौलीमा विगत २५ वर्षदेखि छठ पर्व मनाउँदै आउनुभएका मुन्ना कुमारले चार दिनदेखि चोखो बसेर आज अस्ताउँदो सूर्यलाई अर्घ्य दिने परम्परा रहेको जानकारी दिनुभयो । यस्तै भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्व समापन हुनेछ । उहाँका अनुसार २५ घरपरिवारले यहाँ छठ पर्व मनाएका छन् । विगतका वर्षमा उक्त संख्या धेरै हुने भए पनि अहिले बाटो सहज भएकाले कतिपय व्यक्तिहरु आफ्नै घर गएर छठ पर्व मनाएको उहाँले बताउनुभयो । छठ पर्व श्रद्धा र भक्तिपूर्वक मनाउँदा पारिवारिक कल्याण, सन्तान सुख तथा मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको सुरेश साहले बताउनुभयो। सूर्यको आराधना गरी मनाइने छठ पर्वले मानवजीवन र प्रकृतिबीचको सम्बन्धलाई समेत उजागर गर्छ । चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन व्रतालुले नुहाएर छठ पूजाको विधि सुरु गर्छन् । दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि पर्वको समापन गरिन्छ ।

नेपालमा विशेषगरी तराई-मधेस क्षेत्रमा श्रद्धा र भक्तिपूर्वक मनाइने छठ पछिल्लो समय पहाडी जिल्लामा पनि लोकप्रिय बन्दै गएको छ ।

यस पर्वमा व्रतालुले पवित्र जलाशयमा स्नान गरी साँझ अस्ताउँदो र बिहान उदाउँदो सूर्यलाई दूध, जल तथा विभिन्न परिकार चढाएर पूजा गर्ने परम्परा रहेको छ ।

इजाजत नभएका बन्दुक बरामद

पोखरापत्र संवाददाता
म्याग्दी, २९ कार्तिक

म्याग्दीको मालिका गाउँपालिका-५ देवीस्थानबाट आज इजाजत नभएका चार थान भरुवा बन्दुक बरामद गरिएको छ । देवीस्थानको पन्थोकमा लुकाएर राखेको अवस्थामा भेटिएका बन्दुकलाई इलाका प्रहरी कार्यालय दरवाङको टोलीले बरामद गरेको हो ।

बरामद भएका बन्दुकलाई बेनी ल्याएर थप अनुसन्धान गरिने जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार वन्यजन्तुको अवैध चोरीशिकारी र अपराध नियन्त्रणका लागि सञ्चालित 'ब्राबोसेरा' अभियानअन्तर्गतखोजीगरीबन्दुक बरामद गरिएको हो । गत मङ्सिर १५ गतेदेखि सुरु भएको ' ब्राबोसेरा' अभियानमार्फत हालसम्म १६५ थान इजाजत नभएका बन्दुक बरामद भएको छ । ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र सामुदायिक वनमा वन्यजन्तुको चोरीशिकारीका साथै आपसी विवाद र झैझगडामा समेत प्रयोग हुने जोखिम भएकाले अवैध बन्दुक बरामद गर्ने अभियान सञ्चालन गरिएको प्रहरी नायब उपरीक्षक राजन कार्कीले बताउनुभयो । अवैध बन्दुक बरामद गर्न सञ्चालन भएको अभियानलाई म्याग्दी प्रहरीले 'ब्राबोसेरा' नाम दिएको छ । स्थानीयवासीको सूचना तथा सहयोगमा जङ्गल, रुखका टोड्का, खोल्सा, मासिन नबस्ने घर, गोठ तथा जमिनमा गाडेको अवस्थामा बन्दुक बरामद गरिएको उहाँले जानकारी दिनुभयो । प्रशासनबाट अनुमति लिएर व्यक्तिगत सुरक्षाको प्रयोजनका लागि हतियार राख्न पाउने व्यवस्था छ । प्रशासनबाट इजाजत नलिई हातहतियार राख्नेलाई पाँच वर्षसम्म कैद सजाय र रु ५० हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । अवैध बन्दुक बरामद गर्ने अभियान जारी राख्ने र त्यस्ता बन्दुक भएको सूचना उपलब्ध गराउन म्याग्दी प्रहरीले अनुरोध गरेको छ ।

बाँदरको हैरानीले किसान अदुवाखेतीतर्फ आकर्षित

रासस
काठमाडौं, २९ कार्तिक

भोजपुरमा बाँदरको समस्याका कारण परम्परागत खाद्यबाली खेती गर्न कठिन भएपछि किसान अदुवाखेतीतर्फ आकर्षित हुन थालेका छन् । बाँदरले मकै, कोदोलगायतका बालीमा क्षति पुऱ्याउने समस्या बढ्दै गएपछि किसानले अदुवाखेतीलाई वैकल्पिक आयआर्जनको माध्यम बनाउन थालेका हुन् ।

भोजपुर नगरपालिका-६ की किसान गीता खड्काले बाँदरको समस्या बढ्दै गएपछि अदुवाखेती गर्न थालेको बताउनुभयो। जमिनमुनि गाँना हुने भएकाले अदुवा बाँदरबाट सुरक्षित बाली रहेको उहाँको भनाइ छ । व्यावसायिक रूपमा खेती गर्नसके अदुवाबाट परम्परागत खाद्यबालीभन्दा राम्रो आम्दानी लिन सकिने उहाँले बताउनुभयो । बाँदरबाट खाद्यबाली जोगाउन कठिन हुने अवस्थामा अदुवाखेती तुलनात्मक रूपमा सहज हुने भएकाले आफू यसतर्फ आकर्षित भएको खड्काको भनाइ छ। बाँदरको हैरानीका कारण खेतीपातीमा समस्या भोगिरहेका किसानका लागि अदुवाखेती विकल्प बनेको उहाँले बताउनुभयो ।

अर्की किसान सावित्रा पोखरेलले करिब डेढ रोपनी क्षेत्रफलमा अदुवाखेती गरिरहनुभएको छ । अदुवाखेतीको क्षेत्र अझ विस्तार गर्ने लक्ष्य रहेको उहाँको भनाइ छ । बाँदरको समस्याका कारण अन्य खाद्यबाली लगाउन कठिन भएपछि अदुवाखेतीलाई प्राथमिकता दिएको पोखरेल बताउनुहुन्छ । अदुवाखेतीबाट राम्रो आम्दानी लिन सकिने सम्भावना देखेपछि यसको उत्पादनमा लागेको उहाँको भनाइ छ । अदुवा स्थानीय बजारमा प्रतिकिलो रु १०० देखि रु १२० सम्ममा बिक्री हुने गरेको पोखरेलले बताउनुभयो । अदुवालाई सुकाएर धुलो बनाई बिक्री गर्न सकिने भएकाले बजार व्यवस्थापनमा पनि खासै समस्या नरहेको उहाँको भनाइ छ । स्थानीय बजारमा राम्रो मूल्य पाउने र तथा धुलो बनाएर पनि बिक्री गर्न सकिने भएकाले नष्ट हुने सम्भावना कम रहेको पोखरेले बताउनुभयो । ग्रामीण क्षेत्रमा बाँदरको बढ्दो समस्या कृषि उत्पादनका लागि चुनौती बन्दै गएको छ । खेतबारीमा लगाएको धान, मकै, कोदोलगायतका बाली नष्ट गर्ने भएकाले बाँदर किसानको मुख्य समस्याका रूपमा देखिएको छ । स्थानीयस्तरमा अदुवाको बजार मूल्य राम्रो रहेकाले यसको व्यावसायिक खेती विस्तार गर्न सके किसानको आयआर्जन बढाउन सकिने कृषि क्षेत्रका जानकारहरूको भनाइ छ।

विशेष सुरक्षा सल्लाहकार कार्कीले पत्र बुझ्नुभयो

रासस
काठमाडौं, २९ कार्तिक

प्रधानमन्त्री वालेन्द्र शाहको विशेष सुरक्षा सल्लाहकारमा नियुक्त हुनुभएका तत्कालीन प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले सोही दिन पत्र बुझ्नुभएको गृह मन्त्रालयले जानकारी दिएको छ।

मुलुकको शान्ति सुरक्षाको व्यवस्था सुदृढ गर्नका लागि प्रधानमन्त्रीलाई सुरक्षा सम्बन्धी आवश्यक सल्लाह, सुझाव र परामर्श दिन कार्कीलाई यही कात्तिक १८ गतेको मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पद सिर्जना गरी नियुक्त गरेको थियो । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले कार्कीले सोही दिन नियुक्ति पत्र बुझ्नुभएको जानकारी दिनुभयो । त्यसपछि तिहार र छठ पर्वको सेमत लामो विदा परेका कारण उहाँ कार्यालय हाजिर भने हुनुभएको छैन । उहाँको कार्यकक्ष सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापना गरिएको छ। त र पूर्वप्रहरीमहानिरीक्षक कार्कीले भने आफूलाई महानिरीक्षक पदबाट हटाएको भन्दै सरकारको सो निर्णयका विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको छ।

मोटोपनले अस्वस्थ महिला

डा अरुणा उप्रेती
काठमाडौं

अस्पतालमा नेपाली महिलाहरुको पेट, कलेजोको जाँच गर्दा ५७ प्रतिशत महिलाको कलेजोमा बोसो जमेपछि भविष्यमा चाँहि स्वास्थ्यको समस्या आउन सक्ने सम्भावना हुन्छ । अहिले नेपालमा प्रायः मानिसहरुले मुटुको रोग, मिर्गौला, मधुमेह, क्यान्सर आदिको बारेमो सुनेका छन् । 'मुटुको स्वास्थ राम्रो राख्न के खानुपर्छ, कस्तो व्यायाम गर्नुपर्छ' भनेर छलफल पनि भइरहन्छ तर कलेजो अस्वस्थ भयो भने कसरी समस्या पर्न सक्छन्, कलेजो स्वस्थ पार्न कस्ता खानेकुरा खाने भन्नेबारे पनि त्यति छलफल हुँदैन ।

कलेजो शरीरको यस्तो कारखाना हो, जसले शरीरको विषालु तत्वलाई बाहिर लैजाने काम गर्छ । शरीरभित्रको सबभन्दा ठूलो अङ्ग हो कलेजो, तर धेरै बेवास्ता गरिएको छ । यदि कलेजो अस्वस्थ भयो भने शरीरभित्रका विषालु तत्व बाहिर निस्कन पाउँदैन । अनि शरीरभित्र अनेक समस्या सुरु हुन्छ ।

नेपाली महिलाहरुको अहिले सरदर आयु ७२ वर्ष रहेको सरकारको पछिल्लो तथ्याङ्कले देखाएको छ । नेपाली महिलाको सरदर आयु यति वर्ष हुनु जनस्वास्थको दृष्टिकोणले सफलता मान्न सकिन्छ । तर अर्कोतिर उनीहरु अस्वस्थ पनि बन्दैछन् । पछिल्लो सरकारी तथ्याङ्कले के देखाउँछ भने ३५ प्रतिशत नेपाली महिला मोटोपनको शिकार भएका छन् । त्यस्ता महिलाहरु प्रायः नेपालका ठूलो सहरहरुमा रहेका छन् । खासगरी धनी परिवारका ५३ प्रतिशत र गरिब परिवारका २० प्रतिशत महिलामा यो समस्या देखिएको छ । गाउँघरका गरिब महिलाहरुको कार्यबोझ, धेरै रहे पनि अहिले पत्रु खाना धेरै खाने भएकाले उनीहरुमा पनि मोटोपनको समस्या देखिन थालेको छ ।

ठूला सहरका महिलाहरु व्यापार, सरकारी र गैरसरकारी संस्था, सेवाप्रदायक (अस्पताल, होटेल, शिक्षक, घरको काम) आदि काम गर्छन् । एक प्रकारले नेपाली महिलाले देशको आर्थिक विकासमा ठूलो टेवा पुऱ्याएका छन् । त्यसले हाम्रो समाजमा धेरै परिवर्तन भइसकेको छ भन्ने पनि देखाउँछ तर यसरी महिलाहरु देश र समाजमा विकासको काममा व्यस्त हुँदा उनीहरुको स्वास्थमा मोटोपनले गर्दा भविष्यमा ठूलै स्वास्थ्य समस्या आउने सम्भावना देखाएको छ । पैतीस प्रतिशत नेपाली महिला मोटोपनको शिकार हुनु र अस्पतालमा जाँच गर्न आएका ५७ प्रतिशत महिलाको कलेजोमा बोसो जमेको देखिनुले नेपाली महिलाको खराब स्वास्थ भन्ने कुरा इङ्कित गर्छ । कोही अतिप्रिय व्यक्तिलाई 'मेरो आँखाको नानी, मुटुको टुक्रा, कलेजोको टुक्रा' भन्ने चलन नै छ । कति महत्व रहेछ त मुटु र कलेजोको । तर त्यही कलेजो र मुटु मोटोपनले बिग्रने के समस्याप्रति कमैको ध्यान गएको देखिन्छ ।

आर्थिक रुपमा सबल महिलाहरु मात्र होइन, कतिपय ठाउँमा आर्थिक रुपमा असक्षम महिलाको पनि कलेजोमा समस्या पर्न सक्छ । "कलेजोमा बोसो जम्नुको प्रमुख कारणमध्ये मोटोपन, भोजन, शारीरिक रुपमा धेरै सक्रिय नहुने, विभिन्न किसिमका औषधि पनि हुन सक्छ", भारतका प्रसिद्ध कलेजोविज्ञ डा एस के सरिन भन्नुहुन्छ, "जसरी मुटु खराब हुँदा अनेक समस्या पर्छ त्यसैगरी कलेजोको स्वास्थले सम्पूर्ण स्वास्थको झलक देखाएको हुन्छ ।" उहाँले कलेजो स्वस्थ राख्न के गर्न सकिन्छ भनेर लेख्नुभएको आफ्नो किताबमा पहिलेपहिले ग्रिक समुदायमा मुटु, फोक्सो होइन, कलेजो शरीरको एक अति महत्वपूर्ण अङ्ग भनेर त्यसलाई पूजासमेत गर्ने चलनबारे उल्लेख छ । सो किताबमा पनि कसरी 'मोटोपन' ले गर्दा मुटुमा मात्र समस्या पर्ने होइन, कलेजोमा पनि समस्या पर्छ भनिएको छ । जब शरीरको विषालु तत्व निस्कासन गर्ने कारखानामा नै समस्या पर्छ, यसले मधुमेहको समस्या पर्नसक्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

डा सरिनको अनुभवले भन्छ-महिलाहरु र पुरुषको कमर यदि क्रमशः ३५ सेमी, ३८ सेमीभन्दा बढी छ भने त्यस्ता व्यक्तिहरुको कलेजोमा समस्या हुनसक्ने सम्भावना एकदम बढी हुन्छ" । कलेजोमा बोसो जम्ने प्रमुख कारण 'रक्सी' हो । तर रक्सी नखाने व्यक्तिहरुमा पनि कलेजोमा बोसो जम्ने समस्या देखिन्छ । यसको प्रमुख कारण नै पत्रु खाना, धेरै गुलियो, चिल्लो, तारेको खाना हो । कलेजो र मधुमेहको बीचको सम्बन्धलाई लिएर धेरै अनुसन्धान भएको छ । डा रबर्ट लस्टिग नामक अमेरिकन बालरोग विज्ञले पनि आफ्नो किताब मेटाबोलिकलमा लेख्नुभएको छ-शरीरमा चिनीको मात्र धेरै हुँदा मुसा र मानिसमा डिप्रेशन" (मानसिक अस्वस्थता) भएको देखाएको छ । चीन र युरोपमा गरिएको अनुसन्धानले सावित गरेको छ कि अति प्रशोधित भोजन (पत्रु भोजन) प्रयोग गर्दा डिप्रेशन देखिन्छ । कति जना व्यक्तिहरु व्यायाम पर्याप्त गरेपछि जे जति खाए पनि हुन्छ भन्ने गर्दछन् । यस कुरालाई केही वर्षअघिको एक अनुसन्धानले गलत प्रमाणित पारिदिएको छ ।

फिनल्याण्डका सामी इनकिनेन भन्ने एक व्यक्ति जो विश्व प्रसिद्ध 'टाकिया' कम्पनिको मालिकमध्येका एक थिए । उनले अमेरिका आएर आफ्नो व्यापार सुरु गरेका थिए । अर्बौंपति उनी एक दिनमा पाँच घण्टा व्यायाम गर्थे तर ३८ वर्ष नहुँदै उनलाई स्वास्थ समस्या देखापऱ्यो । रगत जाँच गर्दा उनलाई रगतमा चिनीको मात्रा धेरै देखियो । मधुमेह नै चाँहि भइसकेको थिएन । त्यही व्यायाम गर्ने व्यक्तिलाई पनि शरीरमा चिनीको मात्रा कसरी अत्यधिक भयो भनेर विचार गर्दा थाहा भयो । अनुसन्धानबाट उनलाई खेलाडीहरु पिउने इनर्जी ड्रिङ्कको सेवनको कारणले यस्तो भएको थाहा भयो । यसको अर्थ केबल व्यायाम गरेर, खेल खेलेर मात्र हुँदैन, स्वस्थकर भोजनको पनि त्यति नै महत्व रहन्छ ।

नेपालको पछिल्लो तथ्याङ्कले करिब छ प्रतिशत किशोरीहरु अति 'मोटोपनको शिकार' भएका छन् भन्ने देखाएको छ । यी किशोरीहरु दाम्पत्य जीवनमा प्रवेश गर्दा, गर्भवती हुने समस्या पर्नसक्ने सम्भावना हुन सकिन्छ । काठमाडौँ बत्तीसपुतलीकी एक ३० वर्षीया युवती ८० केजीकी थिइन् । उनको उचाइअनुसार उनी ५३ किलो मात्र हुनुपर्थ्यो । तेइस वर्षको उमेरमा विवाह भएको उनको सात वर्षसम्म पनि गर्भ रहेन । जाँच गर्दा उनको कलेजोमा पनि बोसो जमेको देखियो । चिकित्सकले उनलाई झण्डै २०-३० किलो घटाए मात्रै गर्भ रहने सम्भावना छ भन्ने सलल्लाह दिए । चिकित्सकको सल्लाहअनुसार एक वर्षमा चिनी, पत्रुखाना, धेरै बोसो भएको, कोल्ड ड्रिंक त्यागिन साथै योग गरेर २० किलो घटाउन सफल भइन् । तौल घटेपछि उनलाई भऱ्याङ चढ्न पनि सजिलो भयो ।

तौल घटेसँगै उनको महिनावारी पनि समयमा हुन थाल्यो । पहिले कहिले दुई महिना, कहिले तीन महिनामा महिनावारी हुन्थ्यो । पहिले उनको पाठेघरको जाँच गर्दा पाठेघरमा पानीको फोकाजस्तो (जसलाई 'ओमारियन सिस्ट' भनिन्छ)



देखापऱ्यो । जब उनको तौल घट्यो, उनको 'सिस्ट' पनि कम हुँदै गयो र उनको प्राकृतिक तरिकाले गर्भ रहन गयो, कलेजोमा जमेको बोसो पनि कम भयो र उनी र उनका श्रीमान् एकदम खुसी भएका थिए । चिकित्सकको सल्लाहले तौल घटाएपछि आफ्नो सम्पूर्ण स्वास्थमा नै सकारात्मक असर परेको भन्दै उनी निकै खुसी भएकी थिइन् ।

पहिले त उनलाई रक्सी खाने मानिसको मात्र कलेजो खराब हुन्छ भन्ने लाग्यो, पछि मोटोपनले गर्दा पनि कलेजो खराब भएपछि मधुमेहको समस्या पनि हुने रहेछ भन्ने थाहा भयो । मोटोपनले गर्दा प्रजनन स्वास्थमा समस्या पनि मेरो परेको रहेछ । उनीजस्ता कतिपय युवतीले किशोरावस्थामा नै मोटो हुँदा धेरै वास्ता गर्दैनन् तर पछि अनेक समस्या उनीहरुलाई आइपर्छ, अनि स्वास्थ्य परीक्षण गर्दा कसरी यस्तो भयो भन्ने थाहा लाग्छ । गर्भ नरहने समस्या भएपछि चिकित्सकसँग परीक्षण गराउन जान्छन् ।

आधुनिक प्रविधि प्रयोग गरेर गर्भवती हुनु पऱ्यो भने सबैलाई सहजै पूर्वक गर्भ नहुनसक्छ । पहिले अनेक किसिमका पत्रु खाना खाने, कोल्ड ड्रिंक खाने बालबालिका, किशोरकिशोरीलाई पनि कलेजो र मुटुमा समस्या पर्न जान्छ । अनि शारीरिक समस्या त पर्छ नै, अनेक मानसिक अस्वस्थ, तनाव पनि हुन सक्छ । त्यसैले मुटु, मिर्गौला र कलेजो स्वस्थ राख्न समयमै सबै सचेत हुन आवश्यक छ । (लेखक जनस्वास्थ्यविद् हुनुहुन्छ)

पोखरा एभेन्जर्सको सहज जित

रासस
काठमाडौं, २९ कार्तिक

तेम्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत लिग चरणको अन्तिम खेलमा पोखरा एभेन्जर्सले काठमाण्डु गोर्खाजविरुद्ध सहज जित निकालेको छ । पोखरा एभेन्जर्सले काठमाण्डु गोर्खाजलाई ५५ रनले पराजित गरेको हो ।

जारी संस्करणमा पोखराको यो दोम्रो जित हो । पोखराले सात खेलमध्ये पाँच खेलमा भने पराजय व्यहोरेको थियो । आजको हारका बाबजुद काठमाण्डुले प्लेअफमा स्थान सुरक्षित गरेको छ । पोखराले दिएको २२५ रनको लक्ष्य पछ्याउने क्रममा काठमाण्डुको पारी १९ दशमलव ५ ओभरमा सबै विकेट गुमाएर १६९ रनमै समेटियो । पोखराका लागि स्मित पटेलले ३४, राशिद खानले ३१, सोनु देवकोटाले २९, विल बोसिस्टोले २६ र जहानदाद खानले २४ रन बनाए । बलिङतर्फ पोखराका लागि दिनेश खरेलले ४, विपिन खत्रीले ३ तथा सनी बिक, युवराज साम्रा र रमेश मेन्डिसले समान एक एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको पोखराले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर २२४ रन बनायो । पोखराका लागि कुशल भुर्तेल र युवराज सिंह साम्राले उत्कृष्ट पारी खेले ।

भुर्तेलले ५१ बलमा ८ चौका र ८ छक्कासहित ९९ रन तथा साम्राले ५५ बलमा ८ चौका र ५ छक्काको मद्दतमा ८९ रनको पारी खेले । यस्तै, कप्तान चमिका करुणारत्नेले अविजित १९ रन बनाए । बलिङतर्फ काठमाण्डुका लागि करण केसीले दुई र जहानदाद खानले एक विकेट लिए । आजै भएको पहिलो खेलमा कर्णाली याक्सले चितवन राइनोजलाई २४ रनले हराएको थियो ।

चितवन राइनोजविरुद्ध कर्णाली याक्सको जित

रासस
काठमाडौं, २९ कार्तिक

कर्णाली याक्सले तेम्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत आफ्नो अन्तिम खेलमा चितवन राइनोजविरुद्ध २४ रनको जित निकालेको छ । यो जितका बाबजुद कर्णाली प्लेअफमा पुग्न भने वञ्चित भएको छ ।

उसले यसपटक सात खेलमध्ये चारमा हार तथा तीन खेलमा मात्र जित निकाल्यो । कर्णालीविरुद्ध हारको सामना गरे पनि चितवनले प्लेअफमा स्थान बनाएको छ । आइतबार कर्णालीले दिएको १५४ रनको लक्ष्य पछ्याएको चितवन १९.१ ओभरमा १२९ रनमै अलआउट भयो । उसका लागि कामिल मिसरालेे २५, उसमा मिरले अविजित २८, कुशल मल्लले १८ र देव खनाललेे १४ रन बनाए । बाँकी ब्याटरले भने दोहोरो अङ्कमासमेत रन जोड्न सकेनन् । बलिङतर्फ कर्णालीका लागि हुसेन तलातले ३, पवन सर्राफ र मार्क वाटले समान २/२ तथा सोमपाल कामीले १ विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको कर्णालीले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ५३ रन बनायो । उसका लागि हुसेन तलातले अविजित ५१, आरिफुल इस्लामले ३५,, गुलशनकुमार झाले १८ र पवन सर्राफले १५ रन बनाए। बलिङतर्फ चितवनका लागि सलाहुद्दीन खान, उसामा मिर र कमल सिंह ऐरीले समान २/२ तथा कप्तान सिकन्दर रजा र रिजन ढकालले १/१ विकेट लिए । आजै अर्को खेल काठमाण्डु गोर्खाज र पोखरा एभेन्जर्सबीच हुँदैछ ।

बङ्गुरपालनबाट मनग्य आम्दानी गर्दै नवलपुरका गुरुङ

रासस
नवलपुर, २९ कार्तिक

वैदेशिक रोजगारीका क्रममा करिब १५ वर्ष साउदी अरबमा बसेर फर्किएपछि नवलपुरको मध्यविन्दु-३ ब्रम्हस्थानका नन्दे गुरुङ बङ्गुरपालनमा जुट्नुभएको छ । अरुको देशमा श्रम पसिना बगाउनुभन्दा आफ्नै मुलुकमा केही गर्नुपर्छ भन्ने सोचले नेपाल फर्किएर बङ्गुरपालनमा जुटेको ५९ वर्षीय गुरुङ बताउनुहुन्छ ।

"आठ वर्ष अगाडि फेरि नजाने गरी साउदीबाट घरमा आएँ", गुरुङले भन्नुभयो, "घर फर्किएपछि विभिन्न काम गर्दै अहिले बङ्गुरपालनमा जुटेको छु ।" अन्य पेसा र व्यवसायभन्दा बङ्गुर पाल्न सहज र राम्रो आम्दानी हुने भएपछि बङ्गुरपालनलाई अगाडि बढाएको गुरुङले बताउनुभयो ।

"नेपाल फर्किएपछि उत्तम पशुपन्छी तथा कृषि फार्म दर्ता गरेर सुरुमा कुखुरा पाल्न सुरु गरेको थिएँ", उहाँले भन्नुभयो, "कुखुरापालनमा बढी मिहिनेत गर्दा पनि मिहिनेतअनुसार आम्दानी हुनसकेको थिएन, त्यसपछि बङ्गुरपालन सुरु गरैं ।"

बङ्गुरपालनबाट सन्तुष्ट



भएको सुनाउँदै गुरुङले बङ्गुरसँगै करिब छ बिघा जमिनमा आलु तथा अन्य तरकारीखेती गरेको बताउनुभयो । "सुरुमा एउटा माउ बङ्गुर पालेर अनुभव लिएको थिएँ । थोरै मिहिनेतमा राम्रो आम्दानी हुन थालेपछि बङ्गुरको सङ्ख्यालाई बढाएको छु", उहाँले भन्नुभयो, "अहिले मसँग बङ्गुरका दुईवटा बयस्क भाले, १२ वटा माउ तथा १५ वटा पाठापाठी रहेका छन् ।" बङ्गुरको भालेबाट र पाठापाठी बिक्रीबाट राम्रो आम्दानी हुने गुरुङले बताउनुभयो । "अन्य किसानले बङ्गुरको माउ पालेको ठाउँबाट भाले लिन मकहाँ आउँछन्", गुरुङले भन्नुभयो, "एक जनाले एउटा भाले लगेबापत बेलुका रु छ हजारसहित भालेलाई फिर्ता लिएर आउँछन् ।" किसानहरूले बङ्गुरको गर्भाधान प्रक्रियाका लागि भालेलाई लिएर जाने गरेका गुरुङको भनाइ छ । भालेलाई हिँडाएर लैजान नसकिने भएकाले गाडीमा लैजाँदाको भाडा लिएर जाने किसानले व्यहोर्ने भन्दै गुरुङले घरमा लिएर आउँदा आफूले तिर्ने गरेको बताउनुभयो । "बङ्गुरको मासु बिक्रीबाट खासै आम्दानी नहुने भए पनि पाठापाठीको बिक्रीबाट राम्रो आम्दानी हुने गरेको छ", उहाँले भन्नुभयो, "पहिलेपहिले बङ्गुर काटेर बिक्री गर्ने गरेको थिएँ, हिजोआज पाठापाठी नै बेच्दै आएको छु ।" बङ्गुरको एक महिनाको पाठापाठी रु छ हजारमा बिक्री हुने गरेको गुरुङले बताउनुभयो । बङ्गुरले साढे तीन महिनामा बच्चा पाउने गरेको गुरुङले बताउनुभयो ।

"एकपटक गर्भाधान गर्दा बङ्गुरले कम्तीमा नौवटा पाठापाठी पाउने गरेको छ", उहाँले भन्नुभयो, "मैले पालेको बङ्गुरले एकपटकमा २० वटासम्म पाठापाठी पाएको छ ।" थोरै पाठापाठी पाउँदा माउको दूध पर्याप्त पुग्ने र पाठापाठी फस्टाउने गरेको भन्दै गुरुङले धेरै पाठापाठी पाएको अवस्थामा बच्चा हुर्काउन कठिन हुने गरेको बताउनुभयो ।

"धेरै पाठापाठी पाएको बेलामा बच्चा साना भएर बिक्री गर्ने कठिन भएको थियो", उहाँले भन्नुभयो, "बल्लबल्ल बिक्री गरेर सकैं । थोरै पाठापाठी हुँदा सप्रने भएकाले सहज रूपमा बिक्री हुने गरेको छ ।" थोरै मिहिनेतबाट राम्रो आम्दानी हुने भएपछि बङ्गुरपालनबाट आफू सन्तुष्ट रहेको गुरुङको भनाइ छ । अन्य पशुपन्छी पाल्नुभन्दा बङ्गुर पाल्न धेरै सहज भएको भन्दै गुरुङले भन्नुभयो, "बिहान बेलुका बङ्गुरलाई दाना हालिदिने हो, दिनमा एकपटक खोरमा सरर पानी हालेर सफा गरिदिन्छु, अनि दिनभरि बारीमा अन्य काम गर्दै आएको छु ।" गाईभैंसी पाल्नभन्दा बङ्गुर पाल्न सजिलो, कम खर्चिलो र आम्दानी बढी हुने गुरुङको अनुभव छ ।

हिमाली जिल्ला म्याग्दीमा छठ पर्व मनाइयो

पोखरापत्र संवाददाता
म्याग्दी, २९ कार्तिक

हिमाली जिल्ला म्याग्दीको सदरमुकाम बेनी बजारमा आज छठ पर्व मनाइएको छ । म्याग्दीमा बसोबास गर्ने तराईबासी नेपाली र भारतीय नागरिकले बेनीमा छठ पर्व मनाएका हुन् ।

जलजला गाउँपालिका-३ स्थित कालीगण्डकी नदी किनारमा मिथिलाञ्चलवासीले छठी देवीको पूजाआजा र नदीमा गएर अर्घ दिएका छन् । सूर्यदेवको उपासना गरेर हरेक वर्षको कार्तिक शुक्ल चतुर्थीदेखि सुरु भएर सप्तमीसम्म मनाइने छठले धार्मिक र सामाजिक सद्भावको सन्देश दिएको छ । आइतबार साँझ कालीगण्डकी नदी किनारमा पूजाआजा र अर्घ दिएका व्रतालुले सोमबार बिहानै उदाउँदो सूर्यलाई अर्घ दिने तयारी गरेका छन् । छठको पुजाका लागि तीन दिनसम्म पानी पनी नखाई व्रत बसेका थिए । नुहाइधुवाइ शुद्ध बस्त्र लगाएर व्रत बस्ने गरिएको बेनीमा ब्यवसाय गर्दै आउनुभएका प्रतिमा शाहले बताउनुभयो ।

व्यावसायिक व्यस्तताले जन्मथलो जान नपाए पनि आफू बसेकै ठाउँमा सामूहिक



रुपमा छठ पर्व मनाइएको किसन शाहले बताउनुभयो । नाइलो, कनसुप्ती, ढकना, सरबालगायत राखिएका प्रसाद लिएर नदी किनारमा उभिएका व्रतालुले सूर्यलाई अर्घ चढाएका थिए । ठकुआ, भुसवा, केरा, नरिवल, उखु, सुन्तला, कागती, फर्सी, सिंगारा, पान, सुपारी, धूप, दीप, अरतक, पात, चना आदिको प्रसाद बनाएर चढाएका थिए ।

छठ मनाउन जम्मा भएका मिथिलाञ्चलवासीलाई बेनीमा बसोबास गर्ने अन्य समुदायले शुभकामना दिएका थिए । छठको पूजा गरेको देखेर अनौठो मानेका थिए । आफ्नै जन्मथलोमा जसरी विधिपूर्वक छठ मनाएको उमाशङ्कर शाहले बताउनुभयो ।

म्याग्दीका विभिन्न ठाउँमा करिब २०० जना तराईबासी छन् । व्यावसायिक र पारिवारिक कारणले घरमा जान नपाउनेलाई पछिल्ला केही वर्षयता बेनीमै छठ पर्व मनाउने व्यवस्था मिलाएको सञ्जय ठाकुरले बताउनुभयो ।

बेनीका करिब १०० जना मिथिलाञ्चलबासी यसपालि छठ मनाउन आफ्नो जन्मथलो गएका र नगएकाहरुले बेनीमै मनाएको उहाँले बताउनुभयो । विसं २०७७ वर्षदेखि तराईबासीले म्याग्दीमा छठ मनाउन थालेका हुन् । सरकारले विसं २०७६ फागुनमा म्याग्दीलाई हिमाली जिल्लामा सूचीकृत गरेको थियो ।